# नेपाल बन्धुहरूको कुलदेवता

## बन्धुत्व सम्वोधन

हे ! कुलदेव तिम्रो परयौं शरणमा निहुरेर हामी सब ।
देउ यो वरदान हामी सबमा उज्जवल वनोस् कुल् अब ॥
जन्मुन है कुलमा अनेक चतुरा  विद्वान सिपालु सबै ।॥
डाँका चोर बे-इज्जतीहरू कुनै हुँदै नहोऊन् कबै ॥१॥

लाटा पँगु र दिर्घ रोगीहरूको जन्मै नदेउ वरू ।
माग्छौ यो वरदान् विशेष सबले तिम्रो विचारै अरू ॥
यौटै हौं यो कुलका सबै कणहरू शाखा प्रशारण भई
कारण जो विविधै भएर सब ती  बस्छौं विदेशमा गई॥२॥

शाखाले जती ढाक्छ यो पृथ्वी ता राम्रो छ सारै त्योता
धान्धन्ले कुल बिर्सियौं यदि भने हुँदैन राम्रो त्यता
सम्झौ बन्धुहरू मिलौं खुशी भई दम्भी नबनौं सब
बन्धु भाइ गिरी गए यदि भने तानौं उचाली अब ॥३॥

कण कण् मिलेर बनौ बज्र हामी
फोरौं पाहाडै भई द्रुतगामी
शिरै नझुक्रे यहि कुल हाम्रो
सेरिएर मर्दा बरू मान्ने राम्रो ॥४॥

अनेक शाखा तर मूल एक
भेट्टीन्न मुलै पनि शाखा खास्
अनन्तमा नै सब यो रहेको
आदि र अन्त्य कुनहो भएको?॥५॥

एउटै घरका सबजना हामी
यौटै हुन् बावु सव भाइ नानी
एउटै चुलो हो यौटै हो थात
विबिधताले भइयो अथात ॥६॥

सधै साल फेरि एउटै थलोमा
खाने गरेको बुझिने यसैमा
यै हि कुलैको अति नै महत्व
पुरानै घरको यहाँ हुन्छ पत्तो ॥७॥

भाइ मिलेमा जुन शक्ती हुन्छ।
त्यही हि कुलै देब् भनी गनिन्छ
समस्त बन्धु जब भेट हुन्छन्
सो भेटमा कुल खुशी रहन्छन् ॥९॥

शक्ती त्यसैको लिई हामी सबले
सहयोग गरौं भाइ भएर एकले
मर्दा र पर्दा सब भाइ जुट्ने
सानो कुराले नगरौं है फुट्ने ॥१०॥

भाइ जुटेमा वलिया हुनेछौं
भाइ फुटेमा एक्लै रुने छौं
अन्तर विरोध हुन जान्छ भाइ
मेटाउँ विरोध जहाँ हुन्छ ताही:

विरोध वढाइ कुल बिग्रने छन्
विरोध हटाइ कुल सप्रिने छन्
कुल सप्रियेमा बल वढ्छ हाम्रो
बल बढदिएमा हुन जान्छ राम्रो

मार्ने र पार्ने सबन्धु फुटाल्ने
विचारै लगाइ कुरा बाङ्गो पार्ने
त्यहि हो ठूलो पाप कुल नाश गर्नु
त्यस्तो विचारले अघिनै नसर्नु

## देव प्रार्थना

हे हाम्रा वंश बन्धुले मानेका कुलदेवता ।
सम्झना भक्ती हाम्रो छ तिमिलाइ सदा सदा
तिमी तुष्तट भइ देउ हामीमा सुख सम्पत्ति
कार्य सिद्धि हउन सारा विघ्न बाधा नहोस् क्षति ॥ ॥
इष्ट देवहरू सदाखुसि होउन भन्दै गरी अर्पण ।
पित्री देव पनि खुशी रहुन भन्छौ नि बन्धुगण
बन्धु प्रेम निरन्तरै रहिरहोस् नहोस कतै भिन्नता
हाम्रो कुल र वंशमा वर मिलोस् हे देवदेवी सदा ॥
वंश लता (वंश विस्तार ) (नेपाल थरको वंश )
कुलको ज्ञान नजानि अन्पट वनि बस्ने कति बन्धु छन् ।
सम्पुर्ण कुल वन्धुले वुझिलिए कुल वंश बढ्ने झन्
आफ्नो वंश परम्परा र कुलको गाथा कथाका कृती
इतिहास र धर्म जीवित वनी झल्की रहोस् संस्कृती ॥

# इतिहास खण्ड

## प्रथम सृष्टि

ॐ खम्ब्रह्म : ब्रह्मा बाट माया
माया बाट :- कुटस्थ, ब्रह्मविंव , आत्मा ,चेतन चेतन आत्मा ,
मायाबाट :- महतत्व
महतत्वबाट:-सात्विक ,राजस, तामस अहंकार,
सात्विक अहंकारबाट:- इन्द्रिय देवता ,
राजस अहंकारबाट :- दशेन्द्रिय
तामस अहंकारबाट :- आकाश ,
आकाशबाट :- वायु
वायुबाट :-तेज
तेजबाट:- जल
जलबाट :- पृथ्वी
पृथ्वीआदि पञ्चमहाभूतबाट क्रमश:-गणेश, देवी,सूर्य,बिष्णु,शिव
यो पञ्चमहाभूतात्मक पाञ्चायन देवतानिर्गुण,साकार रूपका भए ।
यिनै देवतामय,पञ्च-प्रञ्चात्मक विश्वब्रह्माण्ड, त्रैलोक, चराचर, चौराशीलाख प्राणीहरू उत्पत्ती भए ।

## द्वितीय सृष्टि

.................पूर्व पुराणकाल ..............................................

१ .आदि नारायण (आदि पुरूष जगल्लय) नारायण भगवान बिष्णु

२ .बिष्णुका नाभि कमलबाट-चतुर्मुखि ब्रह्मा (कमलोद्भव पत्नि उषा )

३.सृष्टकर्ता ब्रह्माबाट अत्री पत्नि अनुसूया (ऋषिकल्पका मन्त्रद्रष्टा महर्षि )

४.अत्रिबाट चन्द्र पत्नि तारा (पुर्वपुराणकालका ग्रहमाण्डलिक)तारा(बृहस्पति कोपत्नि )

५. चन्द्रबाट बुध पत्नि इला (सौर्य मण्डलका उज्जवल नक्षत्र )

६.बुध बाट पुरूरवा पत्नि उर्वशी (मानवकल्पका अधिष्ठाता )

७ .पुरूरवा बाट रथ

८ .रथबाट जय

९.जयबाट भिम

१०. भिमबाट विजय

११ .विजयवाट –कांचनपुरूष

१२ काञ्चनपुरुष बाट- होत्रक

१३. होत्रकबाट –जन्हु

१४.जन्हुबाट पुरूराज सुमन्तु

१५.पुरूराजबाट –अलाकाश्व

१६. अलाकाश्वबाट वलकाश्व

१७. वलकाश्व बाट –कुश

१८ कुशवाट –कुशाम्ब ,(कुशनाभ,कुशाभ्वुज,अधतिकुश)

१९.कुशाम्वबाट गाधिराज कौशिकि (वंश प्रवर्तक पुरूष)

**....................................................उत्रर पूराणकाल .......................................**

२०.१ गाधिराजबाट विश्वामित्र (पंचगौडमध्ये एक ;विद्वत्वा प्राप्त भएपछिका मन्त्र द्रष्टा महर्षी ; सप्त ऋषिमा एक ;गोत्र प्रवर्तक स्थित प्रज्ञ पुरूष ;प्रवर पुरूष ;

२१.२. विश्वामित्र बाट –अघमर्षण( देवरात शुन:शेफ) गायत्रीमन्त्रका उपद्रष्टा ऋग्वेदको प्रथममण्डल पच्चिसौं सुक्त (वरूण सुक्त बाट हरिश्चन्द्रको बलिदिन लाग्दा मुक्त ) निर्माता प्रवर पुरूष

२२.३. अघमर्षण बाट – घृतकौशिक ; गोत्र प्रर्वतक ,प्रवरपुरूष शैलदेश र खसड कुलाचलका कुलमुख्य(सहोदर हरू –इन्द्र कौशिक ,देवकौशिक,द्रुमकौशिक चारैजना स्मृतीकार)

२३.४ .घृतकौशिक बाट सम्वर्त

२४.५ सम्वर्त बाट बैतहव्य

२५.६ बैतहव्य बाट निमिष

२६.७ निमिषबाट प्रमिश

२७.८ प्रमिषबाट तदबल

२८.९ तदबलबाट भिण्डार

.........................................पुर्वप्राचिनकाल .........................

२९.१०.१ भिण्डार बाट सतदेव

३०.११.२. सतदेव बाट ऋतदेव

३१.१२.३. ऋतदेव बाट अभिकुश

३२.१३.४. अभिकुशबाट हारित

३३.१४.५ हारितबाट ऋतभ

३४.१५.६ ऋतभबाट सुशर्म

३५.१६.७ सुशर्मबाट स्नेही

३६.१७.८ स्नेहिबाट श्रीपति

३७.१८.९ श्रीपतिबाट नुरै

३८.१९.१० नुरैबाट पोषण

३९.२०.११ पोषणबाट वत्स

४०.२१.१२ वत्सबाट लोमस

४१.२२.१३ लोमसबाट शरदव्रत

४२.२३.१४ शरदव्रतबाट पारदव्रत

४३.२४.१५पारदव्रतबाट विरूप

४४.२५.१६ विरूपबाट समितिञ्जय

४५.२६.१७ समितिञ्जयबाट पारश पण्डित

४६.२७.१८ पारशबाट अग्निहोत्र पण्डित

४७.२८.१९ अग्निहोत्रबाट सुशर्म पण्डित

४८.२९.२० सुशर्मबाट जयन्त पण्डित

४९.३०.२१ जयन्तबाट गोलार्क पंण्डित (जालन्धर देशमा प्रतिष्ठित

५०.३१.२२ गोलार्कबाट परार्क पंण्डित

५१.३२.२३ परार्कबाट देबार्क पंण्डित (कर्ण प्रयागमा आफ्नोसमयमा लब्ध प्रतिष्ठ )

५२.३३.२४ देबार्कबाट निम्बार्क पंण्डित

५३.३४.२५ निम्बार्क बाट श्रीवत्स पंण्डित

५४.३५.२६ श्रीवत्सबाट स्वस्तिक पंण्डित

५५.३६.२७ स्वस्तिक पंण्डितबाट श्रीनाथ पण्डित देवझुल ग्राम खसमंण्डल केदार

५५.३७.२८.१ श्रीनाथ पण्डित बाट पर्वत पंण्डित(कर्ण प्रयागबाट जुम्ला शेरी ढुस्का प्रवेश

...................ऋषिकुल अन्त्य.................

५७.३८.२९.२ पर्वत पण्डित बाट सुपर्व पण्डित खस राजाका परामर्शदाता सिजां शेरी ढुस्कामा लब्ध प्रतिष्ठ

५८.३९.३०.३ सुपर्व पण्डित बाट बसुपण्डित परम भट्टारक देवराजको समय

५९.४०.३१.४ बसु पण्डित बाट बालक पण्डित खस्रड राज्यमा प्रतिष्ठित

६०.४१.३२.५ बालक पण्डित बाट जयन्त पण्डित

६१.४२.३३.६ जयन्तबाट अनन्त पण्डित

६२.४३.३४.७ अनन्त बाट सर्वेश्वर पण्डित

६३.४४.३५.८ सर्वेश्वरबाट शोभाकर पण्डित

६४.४५.३६.९ शोभाकर बाट परमाकार पण्डित

६५.४६.३७.१० परमाकार भाष्कर पण्डित

६६.४७.३८.११ भाष्कर बाट जयविध्याधर पण्डित कर पंडित खस सम्राटजितारि मल्लका प्रसादीय पंडित प्रकाण्ड विद्वान लब्ध,प्रतिष्ठ ज्योतिर्विद चर्चित पुरूष

६७.४८.३९.१२.१ जयविध्याधर बाट सर्वज्ञधर पण्डित(नेपाल) नेपा बिर्ता पाइ नेपालो पाधि (जसोधर पंडित -(सुतार कार्की) ,जयधर पंडित - बराल ; गुणरानाकार पंडित –खनाल

६८.४९.४०.१३.२ सर्वज्ञधर बाट धैब्रुपाध्या नेपाल

६९.५०.४१.१४.३ धैबुपाध्या बाट मनुदासपाध्या

७०.५१.४२.१५.४ मनुदास बाट बसुपाध्या (८ भाइ भएकोले अठभैया मध्ये जन्तरे )

७१.५२.४३१६.५ बसुपाध्या बाट श्रीकण्ठ(श्रीपती नेपाल )(५ भाइ मध्येमाहिलो कौ .स.५०९ पृ

७२.५३.४४.१७.६ श्रीकण्ठको श्रीनन्द (केशुपाध्याय)

७३.५४.४५.१८.७ केशुपाध्यायको हरीविलाश नेपाल

७४.५५.४६.१९.८ हरिबिलासको श्रीपति नेपाल (२ भाइ कान्छो)

७५.५६.४७.२०.९ श्रीपतिका अग्निदत्त नेपाल

७६.५७.४८.२१.१० अग्निदत्त नेपाल का कालुपाध्या नेपाल

७७.५८.४९.२२.११ .१ कालुपाध्याका रामानन्द नेपाल (५ भाइ मध्ये .......चोभार टौदह शाखा प्रमुख (मण्डन श्रीचौर बिर्ता टौदह चान्लाखेल प्रशाखा ) जसको सम्पूर्ण सन्तती विवरण अनुसुचिमा राखिने छ ।

७८.५९.५०.२३.१२.२ रामानन्दका जिवानन्द नेपाल

७९.६०.५१.२४.१३.३ जिवानन्दका ब्रह्मानन्द नेपाल (२ भाइ मध्ये जेठो )

८०.६१.५२.२५.१४.४ ब्रह्मानन्दका हरिवंश नेपाल २ भाई (हरिवंश नेपाल हरिश्चन्द्र नेपाल )

८१.६२.५३.२६.१५.५ हरिबंशका श्रीकृष्ण नेपाल (३ भाई श्रीकृष्ण,रामभद्र बिष्णुदत्त )

# नेपाल हरूको गोत्र

घृतकौशिक गोत्र प्रवर घृतकौशिक अघमर्षण विश्वामित्रच्येति त्रि प्रवर
गोत्र प्रवर दिपिका तथा नेपाल बाट प्रकासित सम्पुर्ण पञ्वाङ्गमा भने घृतकौशिक: गोत्र घृतकौशिक: वैस्वामित्र: २ प्रवर राखिएको छ ।तर गोत्र प्रवर सम्बन्धि त्री वि वि मा रहेका सोध पत्र हेर्ने हो भने ३ प्रवर नै पाइन्छ ।

| गोत्र | प्रवर | वेदा: | उपवेदा: | शाखा: | सूत्राणी | देवा: | शिखा: | पादा: |
|---|---|---|---|---|---|---|---|---|
| घृतकौशिक: | घृतकौशिक: वैश्वामित्र | साम | गन्धर्व: | कौथुमी | गोभिलम् | विष्णु: | दक्षा | दक्ष: |
| | | | | | | | | |
| | | | | | | | | |

यो तालिका दिवाकर शर्म्मा मैठाणी चतुर्वेदी द्वारा लिखित भुपालमानसिंह कार्की द्वारा पुन प्रकाशित गोत्र प्रवर दिपिका बाट साभार गरिएको हो ।
योतालिका लाइ मात्र हेर्ने हो भने हामिले पूजा आजा गर्दा गरिने संकल्प नै गल्ती जस्तो भान हुन्छ । किनकि हामि शुक्ल यजुर्वेदाध्यायिनी माध्यन्दिनी शाखान्तर्गत भनि बोल्ने गरेका छौ । उक्त तालिका अनुसार भने सामवेदाध्यायीनी कौथुमी शाखान्तर्गत भनि बोल्न पर्ने हुन्छ ।
घृतकौशिक गोत्रका आदि पुरुष कुश मानिन्छन । यिनको वंश परम्परा यस प्रकारको छ — कुश — कुशाम्बु —गाधि — विश्वामित्र — कुशिक —घृतकौशिक । कौशिकले घृतधाराद्वारा देव भजनको परम्परा चलाएकाले उनको नाम घृतकौशिक रहेको भन्ने उल्लेख पाईन्छ । कुनै वंशका विशिष्ट ऋषिहरु लाई प्रवर पूरूष भनी आदर गरिन्छ । घृतकौषिक गोत्रका अघमर्षण, देवरात र विश्वामित्र तीन प्रवर मानिनछन । अघमर्षण — कुशिकले सत्यव्रत ( त्रिशंकु ) लाई पुण्य दान गरेपछि कुरुप भए । विश्वामित्रका कृपाले श्रील पर्वतमा शैलेश्वरीको दर्शन पश्चात अघ ( पाप ) मर्षण ( पुछनु ) पाप मुक्त भए पछि अघमर्षण भए । देवरात — शुनः शेप ऋषि अगीगर्तका पुत्र थिए जसलाई हरिश्चन्द्र पुत्र रोहितले बलिका लागि किनी ल्याएका थिए । विश्वामित्रले आफ्नो मन्त्र प्रयोग द्वारा हरिश्चन्द्रको रोग हटाए पछि शुनःशेप लाई मुक्त गरी आफ्नो जेठा छोराको मान्यता दिएर देवरात नाम राखे । देवरात पछि ठूला मन्त्र द्रष्टा ऋषि भए । विश्वामित्र यिनी राजा गाधिका छोरा हुन । यिनले तपस्या द्वारा ब्रम्हतेज प्राप्त गरेका थिए । ऋषि कुलमा यिनी धेरै शक्तिशाली र सम्मानित थिए । यिनले धेरै मन्त्रहरु प्रत्यक्ष गरेका थिए । गायत्री मन्त्र यिनैको देन हो ।

## घृतकौशिक गोत्र परिचयम्

बिश्वामित्रघमषर्ण देवरातेति बैस्त्रय: ।
वेदसामयजुर्ज्ञेयो, द्विवेदीया स्तपो धना:॥
गोत्रघृतकौशिकस्य, विश्वामित्रो मूलमिति ।
विष्णु भगवती गौडी, कुलदेवा: सनातना:॥
फारसदेशे प्रथमं स्थानं, सिन्धु देशे द्वितियकम्।
कन्नौज काशी क्षेत्रं च, हिन्दूनां केन्द्र वर्तते ॥
तृतीयं काशी स्थिता, स्थानकवस्ती निवासनम्
अनुपम: प्रथमो नाम, बंशोऽद्यसि क्रमागत: ॥
चतुर्थो जुम्लानृपस्य, राजगुरू प्रतिष्ठिता ।
गुरूकर्म प्रदानार्थ, भट्टपदवी प्रदापिता ॥

पञ्चमो बरै निपानी,खनाय बिर्ता प्रापिता ।
त्रय बन्धुस्त्रय स्थाने, वराल नेपाल खनाल थरा: ।
पण्डित सगोत्रा वन्धुर्जन:,कर्मणि केवलम् ।
वैदिककर्मणा पूर्णा:, पण्डिता: परिपालका : ॥

### घृतकौशिक गोत्रका सगोत्रीहरू :-

पण्डित,नेपाल,बराल,खनाल,सुतारकार्की,भट्ट,जोसी,रेग्मी,कुशौला-
पाण्डे,बिडाल,जीरे,नेमी,काशिया,कुशे,चलाउने,रोहताली,बाजपेयी
यि माथिका थर मध्ये १६ थरनेपाल मा र बाजपेयी भारतमा पाईन्छ ।
बाजपेयी बाहेक अरू यो सबैले महामण्डलीमष्टाको उपासना गर्दै आएको पाइन्छ ।

# नेपालथर

"नेपा + आलयो:पुमान् इति यस्य स:नेपालय: इतिस्थिते य: लोपान्नेपाल जात:,

श्रीमद्वविष्णुपुराण –गिताप्रेस गोरखपुर

नेपाल थर उद्गमस्थल

नेपाख्या विमलाऽपचाग निकट त्रि देवगाडङ्गना ।

कर्णाली बसगा सरित्सुरबरा यन्मासान्निसृता ॥

सार्धंगा बरूणंगताश्व विमला दुलंघति मध्यत: ॥

नेपा ग्राम सहास्ति भूसुरबरा नेपाल मूलश्थली ॥

# नेपालहरुको कुलदेवता

हे हाम्रा वंश बन्धुले मानेका कुलदेवता ।

सम्झना भक्ती हाम्रो छ तिमिलाइ सदा सदा

तिमी तुष्तट भइ देउ हामीमा सुख सम्पत्ति

कार्य सिद्धि हउन सारा विघ्न बाधा नहोस् क्षति ॥ ॥

हामिले कुल देवताको पूजन त एक ठाउँमा मात्र गर्ने कार्यको सुरुवात त गर्यौं तर यो निकै नै ठुलो चुनौति थियो ।यसलाइ निरन्तरता दिनु हाम्रो कर्तव्य पनि हो । यहाँ निकै नै ठुलो चुनौतिको रुपमा नामावलि मिलान हो । नामावलि मिलान गर्दा कुन देवता कुन प्रयोजन का हुन । जस्का संभावित मन्त्रके के हुन सक्लान । नामाबलि मा सो देवताको प्रयोग कहाँ कहाँ भएको छ । वेद शास्त्र मा के कस्ता परिभाषा राखिएको छ जसलाइ हामिले के कसरि परिभाषित गर्ने र नेपाल अधिराज्य भरीका नेपाल बन्धुहरु संग कुलदेवता को पूजन र ब्याख्या सम्वन्धमा हामि प्रस्तुत हुदा हाम्रो मान्यता यो यो हो भन्दै के के कसरि बुझाउने जस्ता कुरा हरु समाधान होस भन्ने धारणाका साथ यो तयार गरिइको हो ।हामिले पूजा भेद मात्र वैदिक, तान्त्रिक,लौकिक र मिश्रीत हुन्छ भन्ने अध्ययन गरिएको मा यहा देवताको नाम समेत यस्तै पाइएको हुदाँ केहि अन्यौलता अवश्यमेव भएको तर यो नै कुनै आश्चर्यको कुरा होइन ।यहा प्रस्तुत गरिएको लौकीक शब्द ले चाहि भक्तिभावले ओतप्रोत त भइ आफ्ना इच्छाले र पूर्वजहरुले गरिआएको देखे सुनेको भरमा कुनै निश्चित विधि नअपनाइ आफ्ना खुसिले पूजा गरिएको लाइ परिभाषित गरि हामिले बुझ्न खोजेका मात्र हो ।जस्तो हाम्रो यहाँ उल्लेखित मध्ये गायत्री सावित्री पूजनका उल्लेख लौकिक हुन् भने बारा पूजन कतै बाट आयातित मिश्रित पूजा होला भन्ने नितान्त ब्यक्तीगत सोचाइ हो। यस लाइ पुष्टि गर्ने वा हटाउने वारे *वादे वादे जायते* तत्व बोध होला भन्ने आस राखिएको छ । यो *वादे वादे जायते* तत्व बोध बाट नामावलि एउटै भै हाल रहेको अन्यौलको अवस्था बाट बन्धूहरू मुक्त हुनेछन् भन्ने आस राखिएको छ। साथै

न मानसं पठेत्स्त्रोत्रं वाचिकं तु प्रशस्यते ।

कण्ठतः पाठाभावे तु पुस्तकोपरि वाचयेत् ।

न स्वयं लिखितं स्त्रोत्रं ना ब्राह्मण लिपिं पठेत ।

भन्ने प्रमाण यदा कदा सुनिएकोले यो *वादे वादे जायते* तत्व बोध राख्नु अत्यन्त जरूरि हामिले सम्झेका छौं ।

## कुल देवता पूजन महत्व :-

ऊर्क्चमे सुनृताचमे .................................कल्पन्ताम ॥
मिष्टान्नै अनि सत्य वाक्य रसिला होस दुग्धको प्राप्ति र ।
मिठा हुन् मधु घिउ साथ हँसिलो हुन् बन्धु औ बान्धव ॥
राम्रो बृष्टि भएर धान्य बढिहोस् होस् शत्रु जित्ने बल ॥
बारीमा तुल-फूल जे पनि फलुन् भै यज्ञको नै फल ॥
वित्तश्चमे .............................. कल्पन्ताम ॥
पाएको धन गर्न रक्षण सकूँ होस द्रव्य प्राप्ति सब ॥
जो भो जो छ हुने सबै सुखहरू पाऊँ म साथी अझ ॥
मेरो जिवनमा सधै मिलिरहोस् साफल्य सामर्थ्यको ।
पाउँ वुद्धि,विवेक सन्मति सबै यो यज्ञबाटै प्रभो ! ।
व्रिहयश्श्मे ...................... कल्पन्ताम् ॥
यज्ञैकोफलबाट बहुधा उब्जा हवोस् भूमिमा ।
कोदो, कागुन,जौ,गहुँ,तिलहरू धेरै फलाउँ यहाँ ।
अन्नैको परिपूर्तीले हटि दिओस् सम्पूर्ण यो दीनता ।
त्यस्तै धान र दाल,मास ,मुसुरी हुन् मूगँ आलु चना ॥ ॥

विश्वे अद्य मरूतो विश्व ऽउती विश्वे नोदेवा अवसागमन्तु विश्वमस्तु द्रविणं वाजो अस्मे ॥ यजुर्वेद १८/३१
आज हाम्रो यस यज्ञमा सम्पूर्ण मरूदगण(मष्टा )पाल्नुहोस संरक्षणगर्ने समस्त देव सत्ता (विश्वेदेवा आदि) रक्षासाधनहरूसहित यज्ञमा आउनुहोस्  समस्त अग्निहरू प्रदिप्त हुन् । हामिलाइ महान ऐश्वर्य र अन्न प्राप्त होस ॥

## कुलदेवताको नाम :-

प्रमण्डल :- खसडी प्रमण्डल ,

मष्टा:- महामण्डलीमष्टा

भान्जास्थानी :- काँणा ब्रह्म

इष्टदेवी- गंगा ,भवानी, सरश्वती, + (टौदह चान्लाखेल मा “दक्षीणकाली समेत )

गोष्ट देवता:- महारुद्र –पार्वती ,

सहायक गोष्ट देवता :- गैडु ,गोसाई,गैया,गौडा बछला-भवानी

गोष्ट रक्षक :- ऐरा (ऐरी ,अहिर ,)

बन रक्षक :-वनशिकारी

बन दुर्गा वा ग्रामदेवी :- विन्ध्यवासिनी ,चण्डी

झाँक्री :- सुनझाँक्री

पार्षद :- तिवारी,बेताल भैरव ,ब्रह्मबेताल ,श्मशानी

आरधना :-शिवैश्वर्य समाराधना,

शिखा:- उर्ध्वशिखा

बेद शाखा:- शुक्लयजुर्वेद वाजसेनेय शाखा र सामवेद

पाद :दक्षीण पाद

काया:कुशान्तकाया

गण :- खश गण

समुह :- पंचगौड समुह

## टौदह चान्लाखेलमा मानिआएका कुलदेवता

| **टौदहमा** | **चान्लाखेलमा** |
|---|---|
| १ महारुद्र | १ .महारुद्र |
| २.पार्वती | २ .कण्टारक ब्रह्म |
| ३ चण्डी | ३ .मुल भगवती |
| ४.गैडु | ४ .वारा |
| ५.मष्टा | ५. मष्टा |
| ६.मण्डली | ६ माण्डाली |
| ७.काणा | ७ अहीर |
| ८.ब्रह्म | ८ गंगा देवी गंगा भवानी |
| ९ऐरी | ९ डुक्रम शिकारी |
| १० वनशिकारी | १० गया |
| ११ बिन्ध्यवासनी | ११ गैडु |

# कुलदेवताको पूजन र स्थान

कुनै पनि परिवार एउटा नृवंशको नयाँ ठाउँमा प्रवेश भएको बेलाला घटेको घटना र मान्यता प्राप्तगरेका सर्वशक्तिसम्पन्न मरूत् देवताको प्रतिरूप मष्टा बसैं सरेका ठाउँमा पनि नपुग्ने कुरै भएन ।नयाँ ठाउँमा जाँदा कुलदेवताको रूपमा पुजिएका मष्टा (महामण्डलीमष्टा) संगै लगिए । वायूरूप हुदा पहिले देखिनै मूर्ती कल्पना नै गरिएन ।एक ठाउँमा निश्चित रूपले मान भाउ,पूजा गर्न सजिलो पर्ने हुदाँ गाऊँ घर नजीक वनको छेउमा सानो कुटी वा मन्दिर बनाएर त्यसै भित्र आराधना गर्ने चलन चल्यो ।स्थान भेदले,जातिय भेद,र गाउँ ठाउँको नाउँले मष्टोका पनि भेद हुदै गए ।
पूजाआजामा स्थानियताको प्रभाव पर्नु स्वाभाविक हो ,कदाचित यसलाइ अस्वभाविक मानिदैन ता पनि स्थानीय आचार्य भेद ,द्रष्टा भेद,वक्ताभेद,पूजा अर्चना भेद इत्यादि कारणले गर्दा नि:सन्देह पार्थक्य दृष्टीगोचर हुन्छ नै ।
हाम्रा पिता पुर्खा अग्निहोत्री बाह्मण थीए जुन कुरा कौशिकादी सन्तती बाट जानकारी हुँन्छ ।अग्निहोत्री सदैव सात्विक हुन्छन् त्यसैले सात्विक मण्डलका महामण्डली मष्टा पुजा पुर्खाले गर्दै आएको हुनु पर्ने हामिले भन्न सक्दछौ ।

नेपाल थरको शुरूवात ,कसरि हुनगो भनी ।
खोजीगर्दा भनाई यस्ता, अगाडी सुनियो पनि॥
फारस बाट सिन्धुहुदै, भारत बाराणसी महां ।
अनुपम द्विवेदीका ,सन्तान बस्तथे जहां ॥
मुस्लिमको आक्रमण बाट ,आफ्ना दर्म बचाउन ।
भागे वाराणसि देखि, थाले उत्तर आउन ॥
आउंदा आउदैं जावा,तिला नदी दोभानमा
अग्निहोत्र जगाइ बसे,वाच्छाहि छेउ ओढारमा ॥
जुम्लि राजा बलिराजले ,यज्ञकेहि गरौं भनि ।
पण्डित खोज तलास गर्दा ,द्विवेदि भेटिए यिनि ॥
यिनैको सहायता बाट यज्ञ सम्पन्न भो अनि ।
ति पण्डीतहरू लाइ,जग्गा विर्ता दिए पनि ॥
जसले पाए बरै गाऊँ, बराल थरका भए ।
खनया बास पाउने, खनाल थरका भए ।
दक्षिणा मात्र पाउने ,पण्डित नै रहिरहे ।
नेपा गाउँ पाउनेहरू,नेपाल भनिने भए ।

माथिको पाल्पा निवासी पं हरि प्रसाद नेपालले बनाउनु भएको कविता अनुसार
पनि हाम्रा पिता पुर्खा अग्निहोत्री र अनुपम थिए । जसले दुई वेद अध्ययन
गरिएका थिए ।
सात्विक नभइ अग्निहोत्री नहुने प्रमाण पाइन्छ ।

“सात्विक अग्निहोत्री ब्राह्मणले मष्टोको आरधना गरिंदा हिन्दू परम्परामा अमृतमानिएको गाइको दूध,खीर, आदिकालिन सभ्यताको मुख्य भोजन टाटे (बाबर रोटी) , नौनि घ्यू, चढाइ पूजागरिने मण्डलीमष्ट, दुधेमष्ट, लाडेमष्टलाइ सात्विक मष्टको रुपमा मान्न सकिन्छ ।“ (नेपाली खस –बाहुनका कुलदेवता मष्टो- कुलचन्द्र कोइराला ।

खसड(खेचराद्रिका )माण्डलिक प्रजाहरुले मानिएका कुलदेवता भएकोले मष्टा समेत मण्डलीमष्टा भएका हुन्  ।

“क)मंडलेश्वर –राज्यशासनका सामान्य अधीकरण वाहेकन्यायिक अधिकार प्राप्तराजाहरु जो धार्मिक मामिलाका सम्राटलाई नसोधिकन स्वयं निर्णय दिन समर्थ रहन्थे ।

ख) माडलिक – खस साम्राज्य अन्तर्गत कुनैकुनै राज्यहरू गण राज्यका लक्षणमा थिए जसमा केन्द्रद्वारा नियूक्त अडै,कार्की आदिले राज्यशासनमा ती गणनायकहरूलाइ सहभागि गराइराख्न अनिवार्य थियो ॥ साथै केन्द्रिय महासभामा ती मांडलिकहरूको सदस्यता रहन्थ्यो ।“ कौ.स १६९

## कुल देवता पूजन मा हाल सम्म प्रयोग गरिदै आएको मन्त्र

ॐ कुलायिनी घृतवती पुरन्धि:स्योने सिद सदने पृथिव्या: ।

आभि त्वा रुद्रा वसवो गृणन्त्विमा ब्रह्म पीपिहि सौभगायाश्विनाध्वर्यू सादयतामिह त्वा ।

कुल गृहिणी र वसुधारायुक्त गराएर अघिल्तिर राखिने तिमी पृथिवीको यो सुखमय स्थानमा बस ।रूद्र वसु आदि  देवताहरूले तिम्रो प्रशंसा गरून् । सौभाग्यका लागि तिमि यी मन्त्रहरूलाई आप्यायित गर । देवताका अध्वर्यु अश्विनीकुमारहरूले तिमीलाई यहाँ प्रतिष्ठित गराऊन् ॥    संस्कार पद्धती नेपालीभाषा

हे ! इष्ट ! हजुरहरू निवासयोग्य घरबाट यूक्त भै ,पौष्टिक घृतादि पदार्थ द्वारा सम्पन्न वनी,पूरको धारणा गर्ने वाली पृथ्वीको सुख प्रद गृहमा बस्नु होस् ।रुद्र एवं वसुगण तपाइको स्तुति गर्नुहोस् । यहि मन्त्र तपाइको आफ्नो सौभाग्यको संवद्धन हेतु सुरक्षीत हेर्नुहोस ।दुवै अश्विनीकुमार अर्ध्यूकोरूपमा तपाइलाई यो यज्ञ स्थलमा विराजमान गरून् । यजुर्वेद हिन्दी टिका बाट साभार ।

# टौदहमा पूजा गरिआएका देवता बारेमा

## महारूद्र :-

"रूदन् द्रवति धावतीति रुद्र:" । रुदै दगुर्नेको रुद्र भनिन्छ ।
अरोदी दन्तरिक्षे यद्विद्युद् वृष्टिं ददन्नृणाम् ।
चतुर्भिर्षिस्तेन रुद्र इत्याभि संस्तुत: ॥ बृहद्देवता २।३५

आर्यजातिहरुको मुख्य धन भनेको पशु हो । गाई घोडा, बाख्रा,भेडा, आदि पशुका मुख्य देवताको रूपमा देवकालभन्दा अगाडि देखी नै रुद्रलाई मानेकाले नेपाली ब्राह्मण क्षेत्रीय,ठकुरी,किराँती र अन्य जातिका पनि गोठका मूल देवता माहारुद्र हुन् बर्षको २ पल्ट मार्गशिर्ष पूर्णिमा र बैशाख पूर्णिमा मा गोष्ट देवताको पूजा (गोठ धूप )गरिन्छ । यजुर्वेदको १६ अध्याय ,जसलाइ रूद्रि भनिन्छ ,को वैदिक बिधि हवन गर्ने हो ।तर नेपाली समाजमा रुद्रीका एकसय मन्त्र पढी गाइको दूध, पञ्चामृत अथवा पानीमा पञ्चामृत (दुध,दही,घ्यू,मह ,सख्खर)मिसाएको जलले अटूट जलधारा चुहाएर रूद्री पाठगरिन्छ ।रुद्रको खोजी गर्ने हो भने शास्त्र मध्ये सबै भन्दा पुरानो मानिएको ऋग्वेद मा ४३ औं सूक्तमा कण्वघौर ऋषिद्वारा गायत्री र अनुष्टुप छन्दमा प्रथम श्लोकमा

कद्रुदाय प्रचेतसे मीळहुष्टमाय तव्यसे । वोचेम शन्तमं ह्रदे ॥

विशिष्ट ज्ञानबाट सम्पन्न,सुखी, एवं वलशाली रूद्रदेवको लागी कुन सुखप्रद स्तोत्रको पाठ गर्नु पर्दछ ? भनि खोजि गरको पाइन्छ । जुन हालसम्म पनी खोजि यथावत नै छ ।

रुद्र लाई आह्वान गर्दा रुद्रीको ५औं अध्याय को १६ श्लोक :-मानस्तोकेतनयेमानऽआयुषिमानो गोषुमानोऽअश्श्वेषुरीरिष ।मानोव्वीरान्रुद्रभामिनोव्वधीर्गविष्मन्त सदामित्वाह्वामहे ।य।वे १६/१६

नेपाली अर्थ

हे रुद्र!नाता कुल क्वै नमार ।
घोडा र गाईगोरू यी सपार ॥
यी वीर वा भृत्य कुनै नमार ॥
यो यज्ञको होस फलनै अपार ॥॥

म ,मेरा सन्तान छोरानातीलाई क्रोधले नहेर्नु मारुद्र प्रभु ॥ प्रलयकालमा प्रयोग गर्ने हतियार म र हामीमाथि प्रहार नगर्नुहोला । मेरा वीर अनुयायी लाइ नमार्नु होला, हामी यज्ञ(रुद्री, होम,पूजा) गरेर हामी यज्ञका खास पुरूष हजुर महादेवको सेवा गर्दछौ । -----शुक्लयजुर्वेदीय षडङ्गरुद्री

इमा रूद्राय .................. ........नातुरम् ॥

अर्थ

हामी आफ्नो बुद्धि विवेकहरू दुर्घर्ष वीरहरुको प्रेरक महावलीरुद्रदेव प्रती समर्पित गर्दछौं ताकी दोपाय (मनुष्यवर्ग) र चौपाय (पशु आदि वर्ग) सवै शान्ति पूर्वक रहुन् । यो ग्राम (क्षेत्र) अनान्तुर (चिन्ता रहित ) तथा परिपुष्ट विश्वको इकाइको रुपमा रहोस् । - रुद्रिमा के छ? पुस्तकबाट

हाम्रा गाउँ यताउता चरनमा जो जन्तुको हुल छ ।
आपद क्यै नपरी उपद्रव विना सम्वृद्धि पाउन सब ॥
हाम्रा सन्तति, गोठका पशु सबै नीरोग भै हुर्कीऊन ॥
हाम्रो वुद्धि विवेक धर्मरत होस् प्राणी सवै सुधिउन् ॥

व्वसुचमेव्वसतिश्श्चमे .............. कल्पन्ताम् ॥ अर्थ

राम्रा गाईहरू हुन् घरपनि गतिलो पुर्ण सम्पत्ति पाऊँ ॥
कर्मैका लागि सारा अभिलषित कुरा, शक्ति सामर्थ्थ पाऊँ ॥
पाएको द्रव्यलाई जतन सित प्रभो ! साच्न पाऊँ बढाऊँ ॥
शम्भो ! तिम्रो कृपाले गति-मति दिनुहोस् यज्ञ पूरा गराऊँ ॥॥

नमस्ते भगवान रुद्र भास्करामित तेजसे|
नमो भवाय देवाय रसायाम्बुमयात्मने||
शर्वाय क्षितिरूपाय नंदीसुरभये नमः|
ईशाय वसवे सुभ्यं नमः स्पर्शमयात्मने|
पशूनां पतये चैव पावकायातितेजसे|
भीमाय व्योम रूपाय शब्द मात्राय ते नमः||
उग्रायोग्रास्वरूपाय यजमानात्मने नमः|
महाशिवाय सोमाय नमस्त्वमृत मूर्तये||

॥ रूद्र-सूक्तम् ॥

नमस्ते रुद्र मन्यवऽ उतो तऽ इषवे नमः।
बाहुभ्याम् उत ते नमः॥1॥
या ते रुद्र शिवा तनूर-घोरा ऽपाप-काशिनी।
तया नस्तन्वा शन्तमया गिरिशंताभि चाकशीहि ॥2॥
यामिषुं गिरिशंत हस्ते बिभर्ष्यस्तवे ।
शिवां गिरित्र तां कुरु मा हिन्सीः पुरुषं जगत् ॥3॥
शिवेन वचसा त्वा गिरिशाच्छा वदामसि ।
यथा नः सर्वमिज् जगद-यक्ष्मम् सुमनाऽ असत् ॥4॥
अध्य वोचद-धिवक्ता प्रथमो दैव्यो भिषक् ।
अहींश्च सर्वान जम्भयन्त् सर्वांश्च यातु-धान्यो ऽधराचीः परा सुव ॥5॥
असौ यस्ताम्रोऽ अरुणऽ उत बभ्रुः सुमंगलः।
ये चैनम् रुद्राऽ अभितो दिक्षु श्रिताः सहस्रशो ऽवैषाम् हेड ऽईमहे ॥6॥

असौ यो ऽवसर्पति नीलग्रीवो विलोहितः।
उतैनं गोपाऽ अदृश्रन्न् दृश्रन्नु-दहारयः स दृष्टो मृडयाति नः ॥7॥
नमोऽस्तु नीलग्रीवाय सहस्राक्षाय मीढुषे।
अथो येऽ अस्य सत्वानो ऽहं तेभ्यो ऽकरम् नमः ॥8॥
प्रमुंच धन्वनः त्वम् उभयोर आरत्न्योर ज्याम्।
याश्च ते हस्तऽ इषवः परा ता भगवो वप ॥9॥
विज्यं धनुः कपर्द्दिनो विशल्यो बाणवान्ऽ उत।
अनेशन्नस्य याऽ इषवऽ आभुरस्य निषंगधिः॥10॥
या ते हेतिर मीढुष्टम हस्ते बभूव ते धनुः ।
तया अस्मान् विश्वतः त्वम् अयक्ष्मया परि भुज ॥11॥
परि ते धन्वनो हेतिर अस्मान् वृणक्तु विश्वतः।
अथो यऽ इषुधिः तवारेऽ अस्मन् नि-धेहि तम् ॥12॥
अवतत्य धनुष्ट्वम् सहस्राक्ष शतेषुधे।
निशीर्य्य शल्यानां मुखा शिवो नः सुमना भव ॥13॥
नमस्तऽ आयुधाय अनातताय धृष्णवे।
उभाभ्याम् उत ते नमो बाहुभ्यां तव धन्वने ॥14॥
मा नो महान्तम् उत मा नोऽ अर्भकं मा नऽ उक्षन्तम् उत मा नऽ उक्षितम्।
मा नो वधीः पितरं मोत मातरं मा नः प्रियास् तन्वो रूद्र रीरिषः॥15॥
मा नस्तोके तनये मा नऽ आयुषि मा नो गोषु मा नोऽ अश्वेषु रीरिषः।
मा नो वीरान् रूद्र भामिनो वधिर हविष्मन्तः सदमित् त्वा हवामहे॥16॥

## रूद्राष्ट्क

नमामी शमीशान निर्वाण रूपं, विभुं व्यापकं, ब्रह्म वेदस्वरूपम् ।
निजं, निर्गुणं, निर्विकल्पं, निरीहं, चिदाकाशं आकाशवासं भजेहं ।
निराकारं ॐकार मुलं तुरीयं, गिरा ज्ञान गोती-तमीशं गिरीशम् ।
करालं महाकाल कालं कृपालं, गुणागार संसार-पारं नतो अहम ।।
तुषाराद्रि-संकाश-गौरं गंभीरं, मनोभूत कोटि प्रभा श्री शरीरम् ।
स्फुरन्मौलि कल्लोलिनी चारू गंगा, लसद भाल बालेन्दू कण्ठे-भुजंगा॥
चलत्कुण्डलं भ्रू सुनेत्रं विशालं, प्रसन्नाननं नीलकण्ठं दयालम् ।
मृगाधीश-चर्माबरं मुण्डमालं, प्रियं शंकरं सर्वनाथं भजामि॥
प्रचण्डं, प्रकृष्टं, प्रगल्भं, परेशं, अखंडं अजं भानुकोटि-प्रकाशम्।
त्रय:शूल निर्मूलनं शूलपाणिं, भजे अहं भवानीपतिं भाव गम्यम्॥
कलातीत-कल्याण-कल्पांतकारी, सदा सज्जनानन्द दातापुरारी।
चिदानन्द सन्दोह मोहापहारी, प्रसीद-प्रसीद प्रभो मन्माथारी॥
न यावद् उमानाथ पादारविन्दं, भजंतीह लोके परे वा नाराणम्।
न तावत्सुखं शांति संताप नाशं, प्रसीद प्रभो सर्वभुताधिवासम् ॥
न जानामि योगं जपं नैव पूजाम्,
नतोहं सदा सर्वदा शम्भु ! तुभ्यम।
जरा जन्म दु:खौद्य तातप्यमानं, प्रभो !
पाहि आपन्नमामीश शम्भोरूद्राष्टक
इदं प्रोक्तं विप्रेण हरतोषये,
ये पठंति नरा भक्त्या तेषां शम्भु प्रसीदति ॥

विश्वनाथ गुरुकुल आश्रमबाट उपलब्ध ध्यान को श्लोक उल्लेख गर्न वान्छनिय देखिएकोले यहा राखिएको छ ।
रुद्रमूर्ती ध्यान
त्रिशिरसि अरूणाभं नाग भुषं कपर्दी –
-ज्वलित मुकुटमिशं चन्द्रमौली सुरेशम्
त्रिशिखम भयमब्जं साक्षामालां कराब्जै:
दधतमुनुदिनन्तं रुद्रदेवं भजामि ॥

एकरुद्र देव :

श्यामपर्णश्चतुर्बाहुं काशपुष्प निभाकृतिम्
जटामुकुट खण्डन्तु वृश्चीका भरणे ज्वलम् ॥
शक्ति वज्रधराभितिं कृता जालकरद्वयम्
पद्मासनस्थितं देव एक रुद्रं विचिन्तयेत ॥॥

एकादश रुद्रः

चतुर्भुजा त्रिणेत्राश्च जटामुकुट मण्डिता: ।
शुक्ल बस्त्रधरास्सर्वे शुक्ल वर्ण प्रकीर्तीता: ॥
समपास्थानकास्सर्वे पद्मपिठो परिस्थिता: ।
सर्वाभरणंसंयुक्ता स्सर्व पुष्पैरळं कृता: ।
अभयं परशुं सव्ये कृष्ण वरदवामके ।॥
महादेवश्शिवो रुद्रो शंकरो नीललोहित : ।
ईशान विजयो भिमो देव देवो भवोद्भव: ॥
कपालिश ईति प्रोक्तो रुद्र एकादश स्मृता: ॥ ॥

यि ११ वटाको छुट्टा छुट्टै ध्यान मन्त्र पाइएको तर जस बाट निकै ग्रन्थको विस्तार हुन पुग्ने डरले यहाँ उल्लेख गरिएन । यदि हाम्रा बंशजका कुनै सन्तती ध्यानमार्ग बाट एकादश रुद्रको उपासना साधना गर्ने इच्छा प्रकट गरेमा उक्त ध्यान निशुल्क उपलब्ध गराउने छौं ।

माजलि रुद्र

उद्वृन्तो द्वान्त पिगैस्त्रिभिरनलकणा नाक्षिभि: प्रोद्वमन्तं
कोपोद्भनोग्रदीर्घ प्रविरक्त रक्ग्मशुमव्यु ग्रनादम् ॥
स्वादन्तमुषिकार्धन श्घटीश्घटिति कृस्त्रहय दन्नतां ।
दन्नतां संवन्दे माजलिरुद्र वरतरनखंर स्तव्धवालाग्रभागम् ॥॥

## २ पार्वती:-

ध्यानं

पंजरान्त शुक श्यामं परगर्व विदारिणीम्

पद्मास्यां पद्मनयनां पार्वतीं कलयाम्यहम् ।

पार्वती देवीको रुपमा पूजा गरको हो जसको भैरवको रुपमा महारुद्र लिएको पाइन्छ । जुन सात्विक देवता मा पुजिन्छ ।

पार्वतीस्तोत्रम्

विबुधाबिपतेजिनीशकान्ते वदनाभाजितयामिणीशकान्ते ।
नवकुन्दविराजमानदन्ते नलिनाभं प्रणमाम्यहं पदं ते ॥१॥
विकचाम्बुरूहां विलासचोरैरतिशीतैः प्रवहद्दयाम्बुपूरैः ।
शशिशेखरचित्तनृत्तङ्गैस्तरसालोकय देवि मामपाङ्गै ॥२॥
अवनीधरनायकस्य कन्ये कृपणं मां परिपालयतिधन्ये ।
विधिमाधववासवादिमान्ये द्रुतमुन्मूलितभक्तलोकैदैन्ये ॥३॥
कुचनिन्दितशातकुम्भशैले मणिकाञ्चिवलयोल्लसद्दुकूले ।
परिपालय मां भवानि बाले त्रिजद्रक्षणजागरूकलीले ॥४॥
स्वरूचा जिततप्तशातकुम्भे कचशोभाजितकालमेघडम्भे ।
परिपालय मां त्रसन्निशुम्भे मकुटोल्लासिसुधामयूखडिम्भे ॥५॥
कुसुमायुधजीवनाक्षिकोणे परितो मामव पद्मरागशोणे ।
स्मरवैरिवशीकृत प्रवीणे चरणाब्जनतसत्क्रियाधुरीणे ॥६॥
गिरेजे गगनोपमावलग्ने गिरितुङ्गस्तनगौरवेण भुग्ने ।
वस मे हृदये तवाङ्ग लग्ने तव संदर्शनमोदसिन्धुमग्ने ॥७॥
सकलोपनिषत्सरोजवाटीकलहंस्यास्तव मे कवित्वधाटी।
कृपयाविरभूदियं तु पेटी वहतु त्वद्गुणरम्यरत्नकोटीः ॥८॥
॥॥ इति श्री पार्वतीस्तोत्रम् संपूर्णम् ॥

## ३. चण्डी :-

चण्डि ८ प्रकारको रुपमा पुजिन्छ ।

रुद्र चण्डा प्रचण्डा च चण्डोग्रा चण्डनायिका ।

चण्डा चण्डवती चैव चण्डरूपातिचण्डिका ॥

१ रुद्र चण्डि २.प्रचण्डि ३.चण्डोग्रा ४.चण्डनायिका ५ चण्डि ६.चण्डवती ७ चण्डरूपा ८. अतिचण्डिका

महारुद्रको साथमा पुजा गरिने भएकोले कसैले रुद्रचण्डिको रुपमा पुज्ने गर्दछन् ।

ध्यान :-

खड्गं बज्रं शरं चक्रमंकुशं च तथैवच ।
वरं त्रिशूलं पात्रञ्च दक्षिणेन विराजिते ॥
खेटकञ्च तथा घण्टं धनुश्चाभयपाशकम्॥
तर्जर्नी दैत्यकेशञ्च विन्दुमुद्राञ्च वामके ॥

ससिंहमहिषारुढां रोचनारूपशोभितम् ।
ध्यायेत्वां च महादेवि रुद्रचण्डि नमोऽस्तु ते॥

कसैले भने चण्डिको मात्र आह्वानगर्दछन्

चण्डि ध्यान :-

श्वेतवर्णा त्रिनेत्राच यौवनी च सुरुपिणी ।
खड्गं पाशं शरं चक्रं वज्रं वर त्रिशूलिनी ॥
पात्रं दक्षिण हस्तेषु रत्नालंकार भूषिता ।
फेटकांकुशधनुषं गदां घण्टां तु तर्जनीम् ॥
दैत्यकेशं विन्दुमुद्रां बाम हस्तेषु विभ्रती ।
एवं रूपातु सा देवी श्री चण्डायै नमोऽस्तुते ॥

## ४ .गैडु :-

ॐ नम: शम्वायच.........शिवतराय च ॥अग्निस्थापना बिधिमा यो मन्त्रले गैडु देवतालाइ आहुति दिईन्छ ।
सन्सारमा सौख्य दिने तिमी हौ ।
कल्याण दाता परलोकमा छौ ॥
आनन्द विज्ञान-धन-स्वरूप ।
निष्पाप पारी दिनुहोस् मोक्ष ॥

दिव्य आनन्द दिने र संसारिक सुख दिने रुद्र देवको नमन छ । ।कल्याणगर्ने वाला र सुख बढाउने वाला रुद्रदेवको नमस्कार ,सवै प्रकारको मंगल गर्ने र आफ्नो भक्तहरुको पवित्रता प्रदान गरी गतिदिने रुद्रलाइ नमस्कार(नमन) गर्दछौं॥

गैडु देवता साहायक गोष्ट देवताको रुपमा मानिन्छ । यो देवताको जेष्ट शुक्ल पूर्णिमा र मार्गशीर्ष पूर्णिमा धान्यपूर्णिमा को दिन विशेष पूजा आजा गरिन्छ ।जुन पूर्णिमालाई गैडू पुर्णिमाको रुपमा चिनिन्छ ।

## ५मष्टा:-

मरुत वाट मष्टा भनि कसैले परिभाषित गर्दछन् ।
कसैले स्वयम्भु ब्रह्माबाट प्रथम उत्पन्नभएका आदिमानवस्वायम्भु मनु आदिशक्तिभूता शतरूपाको आदि पिता कुलदेवताको रूपमा मनु वाट मष्टा भएको परिभाषित गर्दछन् ।
मरुत लाइ पनि मित्रश्र्चमे.........कल्पन्ताम् ।मन्त्रमा इन्द्रको रुपमा मानिएको छ ।
४९ मरुत बाट मष्टाभएको भनि कुनै शास्त्रकार को बयान पाइन्छ ।
११ रुद्रको भाइको रुपमा १२ रुप मष्टा व्याख्या पाइन्छ ।
कौशिकादि सन्तती
१०.शास्त्रान्तरमा पाइने कौशिकगण,रुद्रगण तथा मरुद्गणको धारा पर्वाह वर्णन र कौशिक संहिता,हिमवत्खण्ड,पशुपतिपूराण आदि विवेचनीय छन् ।
ब्रह्मा विष्णु महादेव मध्ये कुनै लाई प्रधान नमानि किन मरूद् गण (मष्टा लाइ) कुलदेव मानेको होला ? यो प्रश्न सदैव हामि माझ आइरहेको हुन्छ । यसको उत्रर पाउन डाँ. उर्मिला रुस्तगी द्वारा सम्पादित वैदिक मरूत हेर्दा प्रष्ट हुन्छ ।
मरूतको निमित्त ऋग्वेदमा ३३ सुक्त बताएको छ ।७ सुक्तमा ईन्द्रको साथ,१ सुक्तमा अग्नि र १ सुक्तमा पुषाको साथमा स्तुति गरिएको छ ।उक्त ३३ सुक्तमा ३९१ पटक नाम उल्लेख भएको छ । ८ सुक्तहरुमा १६ पटक मरुत शब्दको उल्लेख गरिएको छ । जम्मा गरि ऋग्वेदमा ४०७ पटक उल्लेख गरिएको छ । तथा १४७ सुक्तको २८८ ऋचाहरूमा निम्म देवताहरुका साथमा उल्लेख छ ।

ऋग्वेदमा मरूतको स्वरुप वर्णन वा (मरूतको मानवीकरण)

ऋग्वेद १०.७७.२ मा प्रारम्भमा मरुत मनुष्य रूपमा थिए पछि आफ्नो पुण्यकर्म द्वारा देवता बनेको उल्लेख छ ।
ऋग्वेदमा यिनिहरूका लागी बहुवचन प्रयोग गरिएको छ ।यिनिहरूमा सवै भाई बराबर छन् । जसमा न कोइ जेष्ठ छन् नकोहि कनिष्ठ बताएको छ । ऋ.५.५८.६
जसले माला , आभुषण र धनुषको प्रयोग गर्ने बताएको छ । ऋ५.५३.४
मरुतले सुवर्णको समान चम्किलो कवच लगाएका छन् । ऋ.५.६०.४
मरुत बिवाहको कामना गर्ने (वेहुला) समान वैभवशाली युबक तरह आभुषण द्वारा सु-सज्जित छन् ऋ.५.६०.४
इनले सुवर्ण मुकुट (ऋ.२.३४.२), काँधमा अस्त्र ,पाउहरूमा (भोक्ताजन, कटक)कडा खराउ, छातिमा सुवर्ण हार जडित कवच ,हातहरुमा अग्नि सदृस्य प्रकासमान बज्र, र शिरमा स्वर्णिम् शिरस्त्राण धारण गरेका छन् ।ऋ.५.५४.११
यिनिहरूसबै समव्यस्क,समस्थान र समान शोभयमान छन् ऋ।११६५.१

समान नेत्र (ऋ.८.१०.१) ,समान वेषभुषा,(ऋ.८.२०.१७) वाट सवै मरूतको एकरुपता अनुभुति गर्ने साधक मरुतको समान अमर पद प्राप्त गर्दछन् । असीमित ऐश्वर्यको स्वामी (ऋ ५.५८.२) ,दीप्तियुक्त र स्वम् प्रकाश भएको (ऋ।१.३७.२) अग्निको समान प्रदिप्त (ऋ२.३४.१,२.३४.४ )प्रकाश फैलाउन सक्ने (ऋ।८.७.१) अग्नि समान तेज भएको (ऋ।६.६६.२,र१०.२३.७८) भनि व्याक्या भएकोले हामि यो भन्न सक्छौकी जुन प्रकारले अग्नि आफ्नो चारैतिर प्रकाश फैलाउदछ । ठिक त्यस्तै प्रकारले मरुतका (मष्टाको) साधकरूपि दिव्यपुरूष आफ्नो गुणहरूको आभा आफ्नो चारैतिर फेलाउदँछ ।

मरूतको भोजन सम्वन्धमा :-
यर्जुवेद ३।४४ मा प्रघासिनो हवामहे मरूतश्च रिशादस: । करम्भेण सजोहस ।
प्रघास तथा करम्भ नामक बिशिष्ट हविको भक्षण गर्ने र शत्रुको नास गर्ने मरुतको हामि आह्वान गर्दछौ । प्रघास (जौ ) र करम्भ (जौको सातु तथा दहि मिसाइएको) बस्तुको रुपमा व्याख्या गरेको पाइन्छ ।
शतपथ २.५.२.३४ मा मरुतको स्तुती जौ बाट गरिएको पाईन्छ ।
शतपथ २.५.३.४ मा दुध र चामल बाट तयार गरिएको खिर मरुत हरूको अभिष्ट भोजन बताइएको छ ।

मरूतको आसन सम्वन्धमा
ऋग्वेद १.३८ सुक्तको १ मा कण्व घौर ऋषिद्वारा
कद्ध नूनं कथं प्रिय: पिता पुत्रं न हस्तयो:। दधिध्वे वृक्त वर्हिष:॥
